नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कात्तिक २४ गते २०३८ साल

श्री ५ को सरकार

स्वास्थ्य मन्त्रालयको

सूचना

श्री ५ को सरकारले नेपाल स्वास्थ्य सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू २०३३ को नियम ३ (३) र नियम ५(६) ले दिएको अधिकार प्रयोग गरी सोही नियमको अनुसूची १ मा रहेको सर्जरी समूह र अनुसूची २ मा रहेको योग्यता क्रमशः देहायबमोजिम विभाजन गरी निर्धारण गरेको छ ।

उप-समूह	योग्यता
(१) जनरल सर्जरी उप-समूह–	जनरल सर्जरी उप-समूहका लागि सर्जरी समूहको योग्यता नै कायम गरेको छ ।
(२) अर्थोपेडिक सर्जरी उप-समूह-	अर्थोपेडिक सर्जरी उप-समूहका लागि एम. बी. बी. एस. पछि एम. एस. (अर्थोपेडिक सर्जरी) वा एम. सी. एच. (अर्थोपेडिक सर्जरी) वा एफ. आर. सी. एस. अर्थोपेडिक सर्जरी) वा एम. डी. आधारभूत शैक्षिक योग्यतापछि अर्थोपेडिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा सो सरह ।

आज्ञाले–
मधुसूदन ढकाल
श्री ५ को सरकारको सह-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएको छ। मुद्रक सचिव हुनेछ।

मदन विभाग, सिंदखेडा

३६४

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ